# नेपाल डेरिभेटिभ एक्सचेन्ज लिमिटेड

तिनकुने, सुविधानगर
फोन नं. ०१-४४६९९९, ४४२६६५
वेवसाइटः www.ndex.com.np, इमेलः info@ndex.com.np

## प्रेश विज्ञप्ति

सर्वप्रथम नेपाल डेरिभेटिभ एक्सचेन्ज लिमिटेडले आफ्नो कार्य सञ्चालनको सफलतापूर्वक सात महिना सम्पन्न गरेको जानकारी गराउँदछु ।

आफ्नो यात्रा थप अगाडी बढाउने क्रममा हामीले हाम्रो सेवामा छरितो पन, चुस्तता तथा गुणस्तरीयता प्रदान गर्न यही मिति २०६७ श्रावण १० गते सोमबारबाट निम्न सेवाहरुमा अभिवृद्धि गरेको छौं ।

१. अफलाइन कारोबार सुविधा
२. सदस्यता शुल्कमा वृद्धि आदि ।

**१. अफलाइन कारोबार सुविधा :**
आगामी सोमवारबाट यस एक्सचेन्जले अफलाइन माध्यमबाट पनि कारोवारको सुविधा प्रदान गर्नेछ । यसका लागि आफ्नो क्लियरिङ्ग सदस्यमार्फत फोन र इमेलको माध्यमबाट सो सेवा प्रदान गर्नेछ । प्रविधिमा खराबी आएको बेलामा समेत लगानीकर्ताहरुलाई मुनाफा आर्जन गर्ने तथा लिएको कारोवार सेटल गर्ने अवसर प्राप्त हुनेछ ।

**२. सदस्यता शुल्कमा वृद्धि :**
बजार व्यवस्थापन कार्य सहज, सरल तथा व्यवस्थित बनाउन यस एक्सचेन्जले अब बन्न आउने व्यापार सदस्यका लागि निम्नानुसारको सदस्यता शुल्क कायम आजैबाट कायम गरेको छ :

फिर्ता नहुने :

सदस्यता शुल्क : २,००,०००
वार्षिक नविकरण शुल्क : ३,००,०००
सफ्टवेयर शुल्क : ५,००,०००

सेक्युरिटि डिपोजिट (पछि फिर्ता हुने) :

मेम्बर डिपोजिट : २,००,०००
मेम्बर क्लाइन्ट : ३,००,०००

हाम्रो यात्रालाई थप सहज र सरल बनाउन महत्वपूर्ण भूमिका राख्नुहुने तपाईं सम्पूर्ण लगानीकर्ता, व्यापार सदस्यहरु, व्यवसायी, नागरिक समाज, पत्रकारवन्धुहरु तथा शुभेच्छुकहरु प्रति सादर धन्यवाद ज्ञापन गर्दै आगामी दिनहरुमा थप साथको अपेक्षा गर्दछु ।

**श्री सन्तोष प्रधान**
**प्रबन्ध निर्देशक**

**मितिः २०६७ श्रावण ०९ गते आइतबार**